


# सुरक्षित वैदेशिक रोजगारी ई-बुलेटिन

वैदेशिक रोजगार बोर्ड सचिवालयको प्रकाशन

वर्ष १ | अंक १ (श्रावण-भाद्र) | २०७६


## वैदेशिक रोजगार बोर्डबाट चालू आ.ब. मा १५ हजार जनालाई निःशुल्क सीपमूलक तालिम प्रदान गर्ने


आन्तरिक श्रम बजारमा प्रवेश गर्ने तथा वैदेशिक रोजगारीका आकांक्षी जनशक्तिलाई लक्षित गरी वैदेशिक रोजगार बोर्डबाट चालू आ.ब. मा १५ हजार जनालाई निशुल्क सीप तालिम प्रदान गर्ने भएको छ । विभिन्न सीप विषयका तालिमहरू सरकारी एवं स्वीकृत प्राप्त निजी क्षेत्रका सीप तालिम प्रदायक संस्थाहरू मार्फत् प्रदान गर्ने कार्यक्रम रहेको छ ।

न्यूनतम् सीप सिकाएर मात्रै नेपाली जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउने नेपाल सरकारको उद्देश्य मुताविक बोर्डले निशुल्क सीप तालिम दिन लागेको हो । हाललाई बोर्डबाट प्लम्बर सहायक, डकर्मी (मेसन), सटरिङ कार्पेन्ट्री, गार्मेन्ट मेसिन अपरेटर, इलेक्ट्रिसियन, एसिस्टेन्ट स्काफोल्डर, हाउस पेन्टर, किचन सहयोगी, सुरक्षा गार्ड, वेटर, स्टील फिक्सर, हाउस किपिङ एटेन्डेन्ट र एसिस्टेन्ट वेल्डर गरी १३ वटा सीप विषयमा निशुल्क तालिम सञ्चालन गर्ने भएको छ भने टायल मार्वल, ब्यूटीसिएन, फ्रन्ट अफिस, आल्मुनियम फ्रेब्रिकेटर, फर्निचर एण्ड फिक्सर र अफिस सेक्रेटरी गरी थप ६ विषयको पाठ्यक्रम समेत तयार पारी निकट भविश्यमा यी विषयहरूमा समेत निशुल्क तालिम प्रदान गर्नेछ ।

निशुल्क सीप तालिम लिन चाहने व्यक्तिलाई थप सहज गर्न बोर्डले तालिम दिने संस्था, सीप तालिम विषय, तालिम सञ्चालन हुने मिति, स्थान लगायतका विषयमा विस्तृत जानकारी श्रम कल सेन्टरको सम्पर्क नम्बर ११४१ बाट निशुल्क रूपमा प्रदान गर्ने लगायतका सम्पूर्ण तयारीहरू पूरा गरेको छ भने मिति २०७६ मंसिर १ गतेबाट निशुल्क तालिम सञ्चालन कार्यको शुरूआत हुने भएको छ ।

## वैदेशिक रोजगारीको क्रममा मृत्यु भएमा आर्थिक सहायताका लागि स्थानीय तहबाटै निवेदन दिन सकिने

वैदेशिक रोजगार नियमावली (पाँचौ संशोधन), २०६४ अनुसार वैदेशिक रोजगारमा गएका कामदारको करार अवधि भित्र वा करार अवधि समाप्त भएको एकबर्ष भित्र कुनै कारणले मृत्यु भएमा मृत्यु भएको मितिले एकबर्ष भित्र आर्थिक सहायताको लागि बोर्ड सचिवालय समक्ष प्रमाणित कागजात सहित निवेदन दिन सक्ने व्यवस्था भएको छ ।



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

२०७६ भाद्र महिना सम्मको प्रगति विवरण

अनिवार्य दायित्व तर्फ

| सि.नं. | क्रियाकलाप | २०७६ श्रावण मसान्त सम्मको | भाद्र महिनाको | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | जम्मा | |
| १ | मृतक कामदारका परिवारलाई आर्थिक सहायता | ६० | २ | ६२ | ६४ | १२४ |
| २ | अंगभंग/विरामी भएका कामदारलाई आर्थिक सहायता | ४५ | ० | २५ | २५ | ७० |
| ३ | कामदारका परिवारलाई औषधोपचार सहयोग | ३ | ० | ३ | ३ | ६ |
| ४ | उद्दारका लागि सम्बन्धित नियोगमा पत्राचार गरिएको | ५ | ० | ८ | ८ | १३ |
| ५ | शव झिकाउनकालागि पत्राचार गरिएको | १३ | १ | १७ | १८ | ३१ |
| ६ | मृतकको शव घर ठेगाना सम्म शव ढुवानी गरिएको | ७४ | ३ | ५८ | ६१ | १३५ |
| ७ | अभिमुखीकरण तालिम वापतको रकम शोध भर्ना | १९९ | २५८ | ० | २५८ | ४५७ |
| | कुल | ३९९ | २६४ | १७३ | ४३७ | ८३६ |

यसरी आर्थिक सहायताको लागि निवेदन दिदा निवेदक स्वयं बोर्डको सचिवालयमा उपस्थित भएर वा सम्वन्धित स्थानीय तह मार्फत् समेत दिन सकिने व्यवस्था गरेको छ । यसरी स्थानीय तह मार्फत निवेदन दिएको हकमा सम्वन्धित स्थानीय तहले निवेदन प्राप्त भएको सात दिन भित्र प्राप्त कागजात, प्रमाण सिफारिस सहित सक्कलै निवेदन बोर्डको सचिवालयमा पठाई सोको जानकारी निवेदकलाई दिनुपर्ने व्यवस्या समेत संशोधित नियमावलीले गरेको छ ।

बोर्डबाट आर्थिक सहायता रकम प्राप्त गर्न तोकिए बमोजिमका कागजातहरू निवेदनका साथ पेश भएको खण्डमा बोर्डबाट नजिकको हकवालाको बैंक खातामा सिधै जम्मा गरिने भएको छ । यो व्यवस्था कार्तिक १ गतेबाट कार्यान्वयनमा ल्याईने भएको छ ।

# बोर्ड सचिवालयको श्रावण-भाद्र महिनाको प्रमुख गतिविधिहरू

## (क) कल्याणकारी कार्यहरू

- मृत्यु, अंगभंग, स्वास्थ्य उपचार लगायतका कामदार आर्थिक सहायता प्रदान गर्ने कार्य निरन्तर भैरहेको,
- शव वाहन सेवाका लागि टेण्डर सूचना प्रकाशन गरिएको,
- शैक्षिक सत्र २०७६ का लागि छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशन गरिएको,
- वैदेशिक रोजगार नियमावलीको पाँचौ संशोधन अनुसार आर्थिक सहायताका लागि स्थानीय तहबाट निवेदन लिने सम्बन्धमा सहजीकरणका लागि सचिवालयबाट सार्वजनिक सूचना प्रकाशन गरिएको । निवेदनको ढाँचा र स्थानीय तहबाट गर्ने सिफारिसको ढाँचा तयार गरी सघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत् स्थानीय तहमा पत्राचार गरिनुका साथै वोर्डको वेवसाइटमा समेत राखिएको ।

## (ख) गुणस्तरीय अभिमुखीकरण तालिम प्रवर्द्धन कार्य

- अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ मा व्यवस्था भए अनुरूप मलेसिया, खाडी र मध्यपूर्व एसियाली मुलुकका लागि पाठ्यक्रमका आधारमा तालिम म्यानुअनलको अन्तिम मस्यौदा तयार भैसकेको हुँदा अन्तिम रूप दिने काम भैरहेको ।
- तालिम म्यानुअल अनुसार आवश्यक श्रव्य/दृष्य सामग्रीको तयारी गर्ने काम भैरहेको ।
- भाद्र महिनादेखि सचिवालयमा अभिमुखीकरण तालिम वापत रू. ७०० शोधभर्ना लिन आउने महिलाहरूलाई सचिवालयको वैठक कक्षमा राखी ३० मिनेट अतिरिक्त सचेतना दिने काम शुरू गरिएको । यस क्रममा अभिमुखीकरण तालिम दिने संस्था र ती संस्थाले कुन विषयमा कसरी अभिमुखीकरण दिने गरेको सोधी टिपोट गर्ने व्यवस्था मिलाइएको ।

## (ग) नतिजामूलक सीप तालिम प्रवर्द्धन कार्य

- वैदेशिक रोजगार विभागबाट इजाजत दिने नयाँ सीप तालिम संस्थाहरूको पूर्वाधार निरीक्षणका लागि आवश्यक पूर्व तयारी पूरा गरिएको ।
- बोर्ड बैठकबाट १३ वटा सीप तालिमको परिमार्जित शुल्क निर्धारण गरिएको ।
- सरकारी सीप तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी सीप तालिम सञ्चालन गर्ने सम्बन्धमा पूर्व तयारी सम्पन्न भएको ।
- बालाजु स्कूल अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजीसँग सीप तालिम कार्यान्वयन गर्ने सन्दर्भमा इलेक्ट्रिसियन, प्लम्बर, वेल्डर, सटरिङ कार्पेन्ट्री, मेसन, स्टिल फिक्सर्च र स्काफोल्डर विषयमा कम्तीमा पनि ८२० जनालाई चालू आ.ब. भित्र निशुल्क सीप तालिम सञ्चालनका लागि सम्झौता गरिएको ।



## (घ) कामदार कल्याणका लागि नेपाली नियोगसँग समन्वय र सहकार्य

- विदेशस्थित जेलमा रहेका कामदारको तथ्यांक सहित कानुनी प्रतिरक्षाका लागि आवश्यक पर्ने रकमको माग गरी पठाउन अनुरोध गरी नियोगहरूमा पत्राचार गरिएको ।
- कोमाका विरामीहरूमध्ये तत्काल नेपाल ल्याई उपचार गराउन सकिने कामदारको तथ्यांक उपलब्ध गराउन नियोगहरूमा पत्राचार गरिएको ।
- सचिवालयबाट अनुरोध गरे बमोजिम जनसम्पर्क सहायक कर्मचारीको पारिश्रमिकको लागि आवश्यक कागजातहरू सहित मलेसिया र कतारबाट माग भै आएकोमा रकम पठाउने प्रक्रियामा रहेको ।
- नियोगबाट सञ्चालन भैरहेको सुरक्षित गृहको स्तरोन्नति तथा नयाँ सञ्चालन गरिने सुरक्षित गृहको अनुमानित खर्चको पुष्ट्याइँ सहित सचिवालयमा परराष्ट्र मन्त्रालयमार्फत माग गरी पठाउन नियोगहरूमा पत्राचार गरिएको ।
- मलेसियामा गैरकानुनी रूपमा बसोवास गरिरहेका नेपाली कामदारहरूलाई ब्याक फर गुड कार्यक्रम अन्तर्गत नेपालमा फिर्ता ल्याउन मलेसियास्थित नेपाली नियोगमा रू. १० लाख पेश्की पठाईएको । बोर्डको निर्णयानुसार थप १५ लाख पठाउने कार्य प्रक्रियामा रहेको छ ।

### (ङ) कामदार स्वास्थ्य उपचार तथा परामर्श सेवा कार्यक्रम

- लोकप्रिय कलाकारहरू सम्मिलित नाटक वा प्रहशनको माध्यमबाट दक्षिण कोरियामा रहेका कामदारहरूलाई व्यक्तिगत सुरक्षा, मनोसामाजिक परामर्श र वित्तीय व्यवस्थापन लगायतका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न छनौटमा परेका सिस्नुपानी नेपालबाट ६ सदस्यीय टोलीको परिचालन गर्न सम्झौता गरी परिचालन गरिएको ।

### (च) प्रचार प्रसार


- सीप तालिमको महत्वसम्बन्धी सचेतनामूलक रेडियो जिङ्गल निर्माण गरी राष्ट्रियस्तरका एफ.एम. रेडियोहरू मार्फत् प्रशारण भैरहेको ।
- श्रम कल सेन्टरको निरन्तरताका लागि टेण्डर आव्हान गरिएको ।

### (छ) कार्य सम्पादन सम्झौता

- वैदेशिक रोजगार बोर्डको आ.ब. २०७६।७७ को स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न गराउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री विनोद के.सी. र बोर्ड सचिवालयका कार्यकारी निर्देशक श्री राजन श्रेष्ठ बीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको छ । यसैगरी कार्यकारी निर्देशक र बोर्ड सचिवालयका शाखा प्रमुखहरू बीच समेत कार्य सम्पादन सम्झौता गरिएको छ ।





नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

**बोर्डबाट आर्थिक सहायताका लागि स्थानीय तहबाट निवेदन दिने व्यवस्था सम्बन्धी सूचना**

वैदेशिक रोजगार नियमावली (पाँचौ संशोधन), २०६४ अनुसार वैदेशिक रोजगारमा गएका कामदारको करार अवधि भित्र वा करार अवधि समाप्त भएको एकवर्ष भित्र कुनै कारणले मृत्यु भएमा मृत्यु भएको मितिले एकवर्ष भित्र आर्थिक सहायताको लागि बोर्ड सचिवालय समक्ष प्रमाणित कागजात सहित निवेदन दिन सक्ने व्यवस्था भएको छ ।
यसरी आर्थिक सहायताको लागि निवेदन दिदा निवेदक स्वयं बोर्डको सचिवालयमा उपस्थित भएर वा सम्वन्धित स्थानीय तह मार्फत् समेत दिन सकिने व्यवस्था गरेको छ । यसरी स्थानीय तह मार्फत निवेदन दिएको हकमा सम्वन्धित स्थानीय तहले निवेदन प्राप्त भएको सात दिन भित्र प्राप्त कागजात, प्रमाण सिफारिस सहित सक्कलै निवेदन बोर्डको सचिवालयमा पठाई सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।
बोर्डबाट आर्थिक सहायता रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु निवेदनका साथ पेश भएको खण्डमा नजिकको हकवालाको बैङ्क खातामा सिधै जम्मा गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.सं. | मृतक कामदारका हकवालाले आर्थिक सहायताको लागि निवेदन पेश गर्नु पर्ने कागजातहरु । |
|---|---|
| १ | राहदानीमा गन्तव्य मुलुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानीवाहकको राहदानी नं., नाम र फोटो भएको पृष्ठको प्रतिलिपि । |
| २ | विदेश स्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्युको प्रमाण र शव ल्याउदाको प्रज्ञापन पत्रको प्रतिलिपि (विदेशमा मृत्यु भएको हकमा) |
| ३ | नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि |
| ४ | स्थानीयतहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि |
| ५ | हकवालाको नागरिकता/नाता प्रमाणित र अविवाहित भए स्थानीय तहबाट अविवाहितको सिफारिस पत्र । |
| ६ | स्थानीय तहबाट हकवाला खुलेको फोटो र बैङ्कको नाम / शाखा र बैंकखाता नं. रुजु सहितको बैंकको पत्र । |
| ७ | नजिकको हकवालाको पासपोर्ट साइजको एक प्रति फोटो । |

- **मृत्यु भएको मितिले १ वर्ष भित्र आर्थिक सहायताको लागि निवेदन दिनु पर्नेछ ।**
- **पेश भएका प्रमाणित कागजात संलग्न गरी सम्बन्धित न.पा./गा.पा.को प्रमुख प्रशासकिय अधिकृतबाट सिफारिस भएको हुनुपर्नेछ ।**
- **आर्थिक सहायताका लागि दिइने निवेदन र स्थानिय तहको सिफारिसको ढाँचा सचिवलायको वेव साईट www.fepb.gov.np बाट प्राप्त गर्न सकिने छ ।**

नोट : यस सम्बन्धी थप जानकारीको लागि कल सेन्टरको ११४१ वा टोल फ्रि नं १६६००१५०००५ मा सम्पर्क गर्न हुन अनुरोध छ ।

# वैदेशिक रोजगार बोर्डले कामदारका लागि दिने सेवाको जानकारी

१. रोजगारीमा जानुभन्दा अगाडि जाने देश, लाग्ने शुल्क, जाने तरिका, मोटामोटी हुने कमाई आदिबारे सुझाव, सल्लाह र जानकारी दिन्छ ।

२. पूर्व प्रस्थान अभिमुखीकरण तालिमका बारेमा पाठ्यक्रम (सिकाउनु पर्ने कुराहरु) तयार गरी तालिमको अनुगमन गर्छ ।

३. महिलाहरूले अभिमुखीकरण तालिम बापत तिरेको रकम रू. ७००।– श्रम स्वीकृति प्राप्त भएपछि स्वयंको उपस्थितिमा उक्त रकम शोधभर्ना गर्दछ ।

४. वैदेशिक रोजगारमा गई कुनै कामदारको करार अवधिभित्र मृत्यु भएमा उसको हकवालालाई बढीमा रू. ७,००,०००।- (सात लाख) सम्म कल्याणकारी कोष मार्फत आर्थिक सहायता उपलब्ध गराउँछ ।

५. वैदेशिक रोजगारमा रहँदा करार अवधिभित्र दुर्घटनामा परी चोटपटक लागि अङ्गभङ्ग भएमा अङ्गभङ्गको प्रकृति हेरी बढीमा रू. ७,००,०००।- (सात लाख) सम्म कल्याणकारी कोष मार्फत आर्थिक सहायता प्रदान गर्दछ ।

६. वैदेशिक रोजगारको सिलसिलामा बिरामी वा दुर्घटनामा परी वा अशक्त भएको कामदारलाई स्वदेश ल्याउन सहयोग गर्दछ ।

७. रोजगारदाताको देशमा प्राकृतिक वा आन्तरिक द्वन्द्वका कारण कामदार अलपत्र परेमा तुरुन्त उद्धार गरी स्वदेश ल्याउँछ ।

८. आपतमा परे, बिरामी भई अशक्त भए वा हिंसामा परेका महिला कामदारलाई दूतावास मार्फत सुरक्षित गृहको सेवा प्रदान गर्दछ ।

९. विभिन्न कारणले कानूनी सजाय पाई जेलमा रहेका कामदारको कानूनी उपचारको लागि राजदूतावास मार्फत आवश्यक पहल गर्दछ ।

१०. कामबाट निकालिएका वा जेल सजाय मुक्त भएका कामदारलाई स्पोन्सर (Sponsor) ले खर्च नब्यहोरेका कारण स्वदेश फर्कन अप्ठ्यारो परेमा दूतावास मार्फत बोर्डले टिकट खर्च व्यहोरी स्वदेश ल्याउन सहयोग गर्दछ ।

११. गन्तव्य मुलुकमा मृत्यु भएका कामदारको शव स्वदेश झिकाउन समन्वय गर्ने र स्वदेश आएपछि परिवारले चाहेमा विमानस्थल देखी उसको घर ठेगानाको नजिकको सडक विन्दुसम्म पुऱ्याउन नि:शुल्क शव वहानको व्यवस्था गर्दछ ।

१२. हराएका, विचल्लीमा परेका (विशेष गरी महिला कामदार) को दूतावास मार्फत खोजी गर्ने, स्वदेशमा उसको परिवारसँग सम्पर्क गराउने र उद्धार गर्ने कार्य गर्दछ ।

१३. श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई सोही क्रममा मृत्यु भएका वा पूर्ण रूपमा अशक्त भएका कामदारका सन्ततिलाई १८ वर्ष उमेर नपुगुन्जेल कक्षा नर्सरी देखि कक्षा १२ सम्म पढ्नका लागि शैक्षिक छात्रवृत्ति (विद्यालयस्तर) प्रदान गर्छ ।

१४.करार अवधिभित्र वैदेशिक रोजगारमा रहेका कामदारका परिवारका सदस्यलाई क्यान्सर, मृगौला, मुटु, पार्किन्सन र अलमाइजर सम्बन्धी रोग लागेमा बढीमा रू. ५०,०००।- (पचास हजार) हजारसम्म उपचार खर्च प्रदान गर्दछ ।

**नोट** : श्रम स्वीकृतिको नियमानुसारको मान्य अवधि भएका कामदारलाई मात्र बोर्डबाट उपलब्ध गराइने सहयोग प्राप्त हुनेछ ।

## Mobile SMS बाट श्रम स्वीकृतिको जानकारी पाउने तरिका

वैदेशिक रोजगार विभागबाट प्रदान भएको श्रम स्वीकृतिको जानकारी SMS बाट समेत प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ । सोबाट वैदेशिक रोजगारबाट जाने वा गएका व्यक्तिले नेपाल सरकारबाट श्रम स्वीकृति लिए नलिएको, जान लागेको देश, काम, कम्पनीको बारेमा तत्काल जानकारी लिन सकिने छ ।

जानकारी लिने तरिका

१ आफ्नो मोवाइलको SMS पठाउने ठाउँमा PP टाइप गरी एक Space दिई आफ्नो पासपोर्ट नम्बर टाइप गरी ३४००१मा SMS पठाउने ।

२ SMS पठाएको केही समयमा अभिलेखमा भएकाव्यक्तिको देहाय बमोजिमको जानकारी सहितको SMS तपाईंको मोबाइलमा आउनेछ ।

## Mobile SMS को नमुना

**पासपोर्ट नं ०६३२९७४६ को नमुना पाउन सकिने जानकारी**

| | |
|---|---|
| नाम | :- Man Bahadur Shrestha |
| पद | :- Blacksmith |
| पाउने तलब सुविधा | :- |
| काम गर्न जाने कम्पनीको नाम | :- |
| लाग्ने शुल्क | :- |
| काम गर्न जाने देश | :- Qatar |
| स्टिकर नं. | :- 002120642 |
| निर्णय मिति | :- 2070–01–02 |
| पठाउने कम्पनीको नाम | :- |

# वैदेशिक रोजगारको शिलशिलामा मृत्यु भएका कामदारको नजिकको हकदारले आर्थिक सहायताका लागि दिने निवेदनको ढाँचा

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**________________न.पा./गा.पा**

मेरो.............(मृतकसँगको नाता उल्लेख गर्ने) श्री..........................(मृतकको नाम थर उल्लेख गर्ने) वैदेशिक रोजगारको लागि इजाजतपत्रवाला संस्था श्री ........................(वैदेशिक रोजगारीमा पठाउने संस्थाको नाम)/व्यक्तिगत मार्फत...............(गएको देश) गएकोमा मिति.......................का दिन सोही देशको/नेपालको ............... (घर/अस्पताल) मा मृत्यू भएको हुँदा निजको अन्तिम संस्कारको कार्य सम्पन्न भएकोले वैदेशिक रोजगार निमावली, २०६४ को नियम २८ (२) वमोजिम आर्थिक सहायता पाउन निम्न कागजात र विवरण यसै साथ राखी सोही नियमावलीको नियम २८ (१) को म्याद भित्र निवेदन दिन आएको छु । वैदेशिक रोजगार बोर्ड सचिवालयबाट नियमानुसार पाउने आर्थिक सहायताका लागि सिफारिस सहित आवश्यक सहयोग गरिदिन्हुन देहायका कागजातहरू संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१) मृतकको :
  (क) नाम र थर ...............
  (ख) राहदानी न ...............
  (ग विवाहित/अविवाहित ...............
२) मृतकका बाबु/ आमाको नाम : ...............
३) मृतकको नजिकको हकवालाको नाम : ...............
४) मृतकको पति / पत्नीको नाम ...............
५) मृतकसँग निवेदकको नाता : ...............
६) काम गर्न गएको मिति :(क) इ.सं. ...............
  (ख) वि.सं. ...............
७) नेपाल फर्किएको मिति :...........(नेपालमा मृत्यु भएको हकमा)
७) मृत्यु भएको मिति : (क) इ.स.. ...............
  (ख) वि.सं. ...............
८) करार अवधि : ...............
९) निवेदकको नागरिकता नं ............... जारी मिति ...............
१०) पठाउने इजाजजत प्राप्त संस्था (मेनपावर) को नाम ...............
११) मृत्युको कारण............................
१२) निवदकको बैक खाताको विवरण :

| | हकवालाहरूले आर्थिक सहायताको लागि निवेदन दिदा पेश गर्नुपर्ने कागजातहरू र विवरण । |
|---|---|
| १ | राहदानीमा गन्तव्य मुलुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानीवाहकको राहदानी नं., नाम र फोटो भएको पृष्ठको छायाँप्रति । |
| २ | विदेश स्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्युको प्रमाण र शव ल्याउदाको प्रज्ञापन पत्र (विदेशमा मृत्यु भएको हकमा) |
| ३ | नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीवाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि |
| ४ | स्थानीयतहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाण पत्र |
| ५ | हकवालाको नागरिकता/नाता प्रमाणित र अविवाहित भए स्थानीय तहबाट अविवाहितको सिफारिस पत्र । |
| ६ | स्थानीय तहबाट हकवाला खुलेको फोटो र वैंकको नाम / शाखा र बैंकखाता नं. रूजु सहितको वैंकको पत्र । |
| ७ | निवेदकको एक प्रति पासपोर्ट साइजको फोटो । |
| ८ | नजिकको हकवालाको पासपोर्ट साइजको एक प्रति फोटो । |

क) बैकको नाम : (ख) शाखाको नाम :
(ग) खाता नं. : (घ) खाताको किसिम : (चल्ती/बचत)

माथी पेश गरेका कागजातहरू ठिक र दुरूस्त छन् पछि फरक पर्न गएमा कानुन वमोजिम सहुँला वुभ्फाउँला ।

सहिछाप

| दायाँ | वायाँ |
|---|---|
| | |

**निवेदक :**
हस्ताक्षर :
नाम थर :
सम्पर्क नं. :

मिति : २०७६।....।.... ........जिल्ला ............ गा.पा./ नगरपालिका ....वडा नं

**नोट** :- सम्बन्धित स्थानीय तहले निवेदकले पेश गरेका आवश्यक कागजातको प्रतिलिपि रूजु गरी वा नोटरी पब्लिकबाट प्रमाणित गरिएका कागजात संलग्न गर्नु पर्ने छ । आर्थिक सहायता लिंने व्यक्तिको नागरिकता र मृतकको राहदानीको सक्कल अनिवार्य पेश गर्नु पर्नेछ ।

# करार अवधिभित्र मृत्यु भएका कामदारका नजिकको हकदारले आर्थिक सहायताका लिनको लागि स्थानीय तहबाट दिइने सिफारिसको ढाँचा

**विषय : सिफारिस ।**

श्री वैदेशिक रोजगार बोर्डको सचिवालय
काठमाडौँ ।

........प्रदेश ..............जिल्ला ...................... म.न.पा./न.पा./गा.पा. वडा नं. ...... बस्ने ........... नाति...........................छोरा .........................पति/पत्नी पासपोर्ट नं. ................... का .........................वैदेशिक रोजगारीको सिलसिलामा ................देशमा गएको र निज विदेशमा विरामी भई, विदा वा अन्य कारणले नेपाल फर्किए पश्चात विरामी भई उपचारको क्रममा मिति ................ मा ......जिल्ला........म.न.पा./न.पा./गा.पा. ...वडा नं. मा मृत्यु भएको हो । मृतक कामदारको नजिकको हकदार निजको ...........नाताको श्री ...................भएकोले निजको तपसील बमोजिम विवरण प्रमाणित गरी तहाँ बोर्ड सचिवालयमा आर्थिक सहायताको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

**<u>तपसील</u>**

| |
|---|
| फोटो र फोटोमा समेत पर्ने गरी सिफारिशकर्ताको दस्तखत |

हकवालाको नाम -
हकवालाका नागरिकता प्र.प.नं. र जारी मिति :-
जन्म दर्ता नं. र जारी मिति(नावालकको लागि) :-
मृतकको ना.प्र.प.नं.-
मृतकको राहदानी नं

**नोट-** हकवाला एक भन्दा बढि भएमा सवै हकवालाहरूको माथि उल्लेख भए बमोजिमकै विवरण खुलाउनु पर्नेछ ।

## वैदेशिक रोजगारको म्यादी जीवन बीमा

- वैदेशिक रोजगार जाने हरेक कमदारले रू.१०,००,०००/- (दश लाख) को जीवन बीमा अनिवार्य रुपमा गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीका क्रममा बीमा अवधिभित्र कुनै दुर्घटना, भवितव्य वा विरामी परी मृत्यु भएमा त्यस्ता कामदारको नजिकको हकवालाले बीमा गरे वापतको दावी भुक्तानी प्राप्त गर्नेछ ।
- साथै थप रू.४००/- भुक्तानी गरी बीमा गर्दा तोकिएका घातक रोगहरुमा समेत रू.५,००,०००/- उपचार खर्च प्राप्त हुन्छ ।

**वैदेशिक रोजगारका म्यादी जीवन बीमा गर्दा लाग्ने शुल्क* विवरण**

| बीमा वर्ष/उमेर | १८ देखि ३५ वर्ष | ३६ देखि ५० वर्ष | ५१ देखि ६४ वर्ष |
|---|---|---|---|
| २ वर्ष | २६६४ | ३६२५ | ७२५० |
| ३ वर्ष | ३५२४ | ४९३० | ९५७० |
| ४ वर्ष | ४४२३ | ६०९० | १२०३५ |
| ५ वर्ष | ५१४८ | ७१०५ | १४५०० |
| ६ वर्ष | ५७२८ | ८४११ | १६८२० |

* उल्लेखित रकममा तोकिएका १५ प्रकारका घातक रोगहरूको बीमाको लागि थप रू.४००/- लाग्ने छ ।

**<u>बीमा गर्दा प्राप्त हुने दावी भुक्तानी</u>**

१. बीमा गरेका कामदारको बीमा अवधिमा मृत्यु भएमा प्राप्त हुने बीमा दावी ।
   क) बीमा रकम बराबरको रकम रू.१०,००,०००/-
   ख) मृत शरिर नेपालसम्म ल्याउँदा लाग्ने ढुवानी वापत बढीमा रू. १,००,०००/-
   ग) सतगत खर्च रू.१,००,०००/–
   घ) कमाउने व्यक्तिको क्षति वापतको रू.२,००,०००/-
२. बीमा गरेका कामदारको बीमा अवधिमा तोकिए मध्येको घातक रोगहरू लागेमा रू.५,००,०००/- उपचार खर्च ।